www.ramaroshanmun.gov.np
Email-icto.ramaroshanmun@gmail.cc
Phone-9749668233

रामारोशन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तडा अछाम
सुदूर पश्चिम प्रदेश -नेपाल

| पत्र संख्याः२०७७/०७८ | चलानी नं.: | मितिः२०७८/०१/१९ |
|---|---|---|

**रामारोशन गाउँपालिकाको अत्यन्त जरुरी सूचना ।**

नयाँ भेरियन्ट सहितको कोरोना भाइरस संक्रमणको जोखिम उच्च रहेको र समुदायस्तरमा फैलिन सक्ने भएको तथ्यलाई मध्यनजर गर्दै मिति २०७८/०१/१६ को कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्बन्धी जिल्ला स्तरिय सर्वदलिय सर्वपक्षीय वैठकको निर्णय र सो निर्णय वमोजिम जिल्ला प्रशासन कार्यालय अछामका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा आदेश बमोजिम आजकै मितिबाट लागुहुने गरि मिति २०७८/०२/०२ गते राती १२ बजे सम्मका लागी यस कार्यालयबाट प्रवाह हुने स्वास्थ्य, कोभिड १९ रोकथाम तथा नियन्त्रण लगायतका अत्यावश्यक सेवा वाहेकका सवै सेवा प्रवाह उल्लिखित मिति सम्मका लागी रोक्का गरिएको छ । निषेधाज्ञाको पालना गरि कोभिड १९ रोकथाम तथा नियन्त्रणमा सहयोग गर्न तपसिलका व्यवहारहरु अवलम्बन गर्न अनुरोध गर्दछौ ।

तपसिलः

१. अत्यावश्यक काम बाहेक घर वाहिर ननिस्किनुहोस ।
२. मास्कको अनिवार्य प्रयोग गर्नुहोस ।
३. कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्नुहोस ।
४. बालवालिका र जेष्ठनागरीक तथा दिर्घ रोगी घर वाहिर ननिस्किनुहोस ।
५. बेला बेला सावुन पानीले हात धुनुहोस ।
६. समुहमा भेला नहुनुहोस ।
७. भेला, सभा, समारोह, समारोह, विवाह भोज भतेर लगायतका कामहरु नगर्नुहोस ।
८. स्वास्थ्य संग सम्बन्धित कुनै पनि समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा जानुहोस ।
९. अन्य जिल्ला तथा भारत लगायतका अन्य राष्ट्रवाट आउनु भएका व्यक्तिहरु १४ दिन अनिवार्य रुपमा होम क्वारेन्टिनमा वस्नुहोस ।
१०. यसै सुचना साथ संलग्न गरिएको जिल्ला प्रशासन कार्यालय अछामद्वारा जारी निषेधाज्ञाको पालना नगरेमा नियमानुसार कार्वाही गरिने व्यहोरा समेत यसै सुचना द्वारा सूचित गरिन्छ ।

*राम बहादुर भण्डारी*
*नि. प्रमुख प्रशासकिय अधिकृत*

कृषि,पर्यटन प्रवर्द्धन तथा मौलिक संस्कृति हाम्रो पहिचान !
आर्थिक,सामाजिक समृद्ध विकास रामारोशन गाउँपालिकाको अभियान !!

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
अछाम

☎ : ०९७-६२०१३७
०९७-६२०३२७
🖷 ०९७-६२०१३३

## जिल्ला प्रशासन कार्यालय अछामका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

हाल विश्वभर फैलिइरहेको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड-१९) का कारण छिमेकी मुलुक भारत र नेपालका समेत अधिकांश स्थानमा तीव्र रुपमा बढिरहेको, अछाम जिल्लामा पनि भारतबाट फर्कने अछाम बासीहरुको संख्या धेरै भएकाले यस जिल्लामा संक्रमणको खतरा एकदमै उच्च रहेको परिप्रेक्ष्यमा यसको रोकथाम र नियन्त्रणका निमित्त जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र अछामको सिफारिस र जिल्ला सुरक्षा समिति अछामको मिति २०७८।०१।१६ गतेको निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ बैशाख १९ गते राति १२.०० बजेदेखि मिति २०७८ जेष्ठ २ गते राति १२.०० बजे सम्म अछाम जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ । सदाझै यस आदेशको पालना गर्नु/गराउनु सम्बन्धित सबै सरकारी/गैरसरकारी संघसंस्था, व्यक्ति, पेशाकर्मी, उद्योगी/व्यवसायी, सञ्चारकर्मी तथा आमनागरिकको कर्तव्य हुनेछ। यस आदेशको उल्लंघन भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छः-

१. सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा

➢ अत्यावश्यक सेवा बाहेकका अन्य सार्वजनिक सेवा हाललाई बन्द गर्ने।

२. अत्यावश्यक सामग्री खरिदका सम्बन्धमा

➢ खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामग्रीका पसल बाहेक अन्य पसल/व्यवसाय हाललाई बन्द गर्ने ।

➢ खाद्य सामग्रीका पसलहरु बिहान ५:०० बजेदेखि बिहान १०:०० बजेसम्म मात्र खुला गर्ने।

➢ खाद्य सामग्री, ग्रोसरी, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेका जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालन गरेर मात्र सञ्चालन गर्ने |

➢ अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृतिम अभाव देखाई मूल्य वृद्धि गर्ने, कालोबजारी वा जम्माखोरी गर्ने लुकाउने वा आपूर्तिमा अवरोध सिर्जना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून बमोजिम कडा कारवाही गर्ने।

३. सवारी साधन सञ्चालन सम्बन्धमाः

➢ सार्वजनिक एवम् निजी सवारी साधनहरु सञ्चाहनमा मिति २०७८ वैशाख १९ गते राति १२.०० बजेदेखि मिति २०७८ जेष्ठ २ गते राति १२:०० बजेसम्म रोक लगाउने।

➢ अत्यावश्यक सेवा (खाद्य सामग्री, पानी, औषधि तथा स्वास्थ्यसँग सम्बन्धित सामान तथा सेवा, एम्बुलेन्स, दमकल, दूध तथा दुग्धजन्य पदार्थ, फोहोरमैला व्यवस्थापन, बैंक तथा बित्तीय संस्था, दूरसञ्चार, इन्टरनेट, आइसोलेशन र क्वारिन्टिन) का सवारी साधनहरु स्पष्ट खुल्ने कागजातका आधारमा सञ्चालन गर्न सकिने।

➢ बढीमा दुई जना विरामी तथा कुरुवा बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन सञ्चालन नगर्ने ।

➢ सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको सवारी पास लिई सवारी साधन प्रयोग गर्न पाइने ।

➢ विकास निर्माण आयोजनाका हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीले जारी गरेको सवारी पास लिएर मात्र सञ्चालन गर्ने।

➢ अस्पताल आउने विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने अवस्थाका लागि सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पास लिनुपर्ने।

४. सभा/सम्मेलन/विवाह/व्रतबन्धका हकमा

➢ कुनै पनि प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, तालीम, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ्ग पुल, सपिङ्ग मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्युटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने ।

➢ विवाह/व्रतवन्धको हकमा जनस्वास्थ्यका सबै प्रोटोकल र मापदण्डहरु पालना गर्ने गरी बढीमा १५ जनासम्म मात्र भेला हुन पाइने गरी जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृति लिएर मात्र गर्न पाइने।

५. आवतजातका सम्बन्धमा

➢ नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्न दिने।

➢ पत्रकार तथा सञ्चारकर्मीको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय-त्रको आधारमा आवतजावत गर्न दिने।

प्रमुख जिल्ला अधिकारी